# शब्दावली

## अ

**अकजीब** को अर्थ "छल" हो!

**अगमवाणी** परमेश्वरबाट दिइएको शिक्षा अथवा समाचार।

**अब्राम** जसको अर्थ "माननिया पिता" हो।

**अब्राहाम** जसको अर्थ "महान पिता" अथवा धेरै "जनाका पिता" हो।

**अरबाह** मोआब देशको एउटा सानो खोला हो।

**अरोएर** अरामको (सिरिया) एक ठाउँ।

**अल्फा, ओमेगा** ग्रीक वर्णमालाको पहिलो अनि अन्तिम अक्षरहरू जसको अर्थ शुरु अनि अन्त।

**अश्तारोत** पलिश्ती मानिसहरूले पूजा गर्ने झूटो देवता।

## आ

**आउनुहोस्, हे प्रभु** अरामेइक भाषाको "मारानाथा" को अनुवाद।

**आदम** जसको अर्थ "मानिस" हो।

**आधा शेकल** अर्थात एक चौथाइ औंस हो।

**अघिल्लो र पछिल्लो झरी** अघिल्लो झरी शरद ऋतुमा (अकतूबर-दिसम्बर) पछिल्लो झरी वसन्त ऋतुमा (मार्च-अप्रेल) जसले अन्नहरू बड़ाउन सहायता गर्छा।

**अत्तर** सुगन्धित तेल।

**अरीएल** यरूशलेम मन्दिरमा भएको वेदी। यसलाई "चुल्हा" वा "अगेनो" पनि भनिन्छ।

**अभिषिक्त** सायद मुख्य अथवा प्रधान पूजाहारी।

**आशेर** यो नाउँको अर्थ "सुखी" हो।

**आठ बटुको** "आठ माना" हो।

**अठाह इंच** अर्थात एक हात।

**आमेन** हिब्रुमा यसको अर्थ 'सत्यरूपले' र 'वास्तवमा' भनेर मानिन्छ।

**अशिषको कचौरा** दाखरसको प्याला जसको निम्ति खीीस्तानहरू परमेश्वरलाई धन्यवाद चढ़ाउँदछन् र प्रभुको भोजमा पिउँदछन्।

**आहाज** यहूदाका राजा। ई.पू. ७३५-७२७ सम्म शासन गरे।

## इ

**इकावोद** जसको अर्थ "महिमा छैन!"

**इश्माएल** जसको अर्थ "परमेश्वर सुन्नुहुन्छ।"

**इसहाक** यो नाउँको अर्थ "उनी हाँस्छन्।"

**इस्साखार** यो नाउँको अर्थ "परस्कार" र "ज्याला" हो

**इस्राएल** यसको अर्थ "उनी परमेश्वरसँग लड़ने गर्छन्।"

**इस्राएल** याककूबका निम्ति अर्को नाउँ। उत्पत्तिको पुस्तकमा हेरे ३२:२८

**इम्मानुएल** यसको अर्थ "परमेश्वर हामीहरूसँग" हो।

## उ

**उच्च स्थानहरू** यी आराधनाहरूका ठाउँहरू थिए।

**उपवास** विशेष प्राथनाको समयमा खाना-पीना बनाई बस्नु अनि परमेश्वरको आराधना गर्नु।

**उरीम** पूजाहारी परमेश्वरबाट उत्तर पाउँन यो ढुङ्गा प्रयोग गर्थे। गन्तीको पुस्तकमा हेर २७:२०-२२

## ऊ

**ऊरीम अनि तुम्मीम** प्रश्नहरू प्रति परमेश्वरको उत्तर जान्नलाई पूजाहारीहरूले उपयोग गर्ने ती भाग्यका ढुँगाहरू, लट्ठीहरू वा हाडहरू थिए जसलाई कुनै छलफल गर्न पासेमा झैं फ्याँकिन्थे।

## ए

**एबाड्डोन** पुरानो नियममा मृत्युको ठाउँको नाम भनिन्छ। हेरे अय्यूब २६:६; भजनसंग्रह ८८:११

**एफ्रातामा** वेथलेहेम शहर, जहाँ दाऊद जन्मिएका थिए।

**एदोम** यहूदाको पूर्वी देश।

**एल** एल नाम हिब्रू शब्द एलोहिम (परमेश्वर) हो।

**एलूल** यो सितम्बर - अगस्त ४४३ ख्री पू।

**एश्कोल** जसको अर्थ "झुप्पा" हो।

**एसेक** अथार्त झगड़ाको गुँड़।

**एलिया** ख्री. पूर्व ८५० बर्ष अघि परमेश्वरको बारेमा बोल्ने व्यक्ति।

## औ

**औसा** मासुमा वा छाउमा पर्ने सेतो किरा।

**औसी** हिब्रूहरूमा महीनाको प्रथम दिन।

**औसीको पर्व** यहूदी महीनाको पहिलो दिन। यो यहूदीहरूकोलागि पवित्र दिन थियो।

## क

**किब्रोथ हत्तावा** जसको अर्थ "लालचका चिहानहरू" हो।

**कित्तिम** साइप्रस अथवा कुप्रस।

**केफास** जुन ग्रीक भाषामा पतरस जस्को अर्थ चट्टान।

**कोराजिन, बेथसैदा** गालिली पोखरी छेउका शहरहरू जहाँ येशूले मानिसहरूलाई प्रचार गर्नु भयो।

**करूब स्वर्गदूतहरू** परमेश्वरबाट आएका खास दूतहरू। उनी सबै अन्यदूतहरू भन्दा माथि छन्।

**कलदीहरू** अर्थात बाबेल अथवा बेबिलोन हो।

**क्लौडियस** रोमका सम्राट (शासक), ४१-५४ ख्रीष्टाब्द।

**कूश** लाल समुद्रको छेउमा भएको देश (अफ्रिकामा) जसलाइ इथियोपिया पनि भिनन्छ। कूश (इतियोपिया) देश मिश्रदेशको दक्षिणपट्टि पर्थ्यो।

## ख

**खतना** परमेश्वरले अब्राहामलाई गरेजस्तो प्रत्येक यहूदी बालकलाई गरिने, टाउकोको केश मुडुल्याउने कार्य। (उत्पत्ति १७:६-१४)।

**खारा समुद्र** अर्थात मृत-सागरको

**खोलाहरू** स्ट्रीम पानी।

**ख्रीष्ट** मसीह वा परमेश्वरको रूपमा चुनिएको।

**खमीर** यहाँ दुष्ट वा खराब प्रभावको अर्थमा प्रयुक्त।

## ग

**गाद** यो नाउँको अर्थ "सौभाग्य' र "भाग्यवान" हो।

**गोमन सर्प** अर्थात कोबरा जस्तै एक विषालु सर्प।

**गमलीयल** फरिसीहरूको एक अति विशेष शिक्षक यहूदी धर्मी समूह (प्रेरित ५:३४)।

**गोरु** यो मिश्रवासीहरूको एउटा देवता टाहको मूर्ति हो

**गलेद** यसको अर्थ करारको चट्टानको थुप्रो।

**गालील समुद्र** अर्थात किन्नरेत झीलको।

**गेबा, रामा, शाऊलका गेबा** उत्तर यरूशेलमका शहरहरू।

## च

**चर्मपत्र** पुस्तकहरू कानूनी पत्रहरू लेखिने छाला को मुठा।

**चिहान** हीब्रू भाषमा पाताल हो।

**चिट्ठा** निर्णय लिनलाई प्रयोग गरिने लट्ठीहरू, ढुङ्गाहरू र हड्डीका टुक्राहरू।

## छ

**छाप्रो वासको चाड** मोशाको समयमा यहूदीहरूका आफ्ना मानिसहरू मरूद्यानमा अल्मलिरहेको ४० दिनसम्मको संझना गर्ने दिन हो। यो पर्व जुन प्रत्येक वर्ष यहूदीहरूले मनाउँदछन्। यहाँ 'यहूदीहरूका विश्रामको पर्व' भनेर अनुदित छ।

**छुट्टायाउने चटान** अर्थात् "सेला-हामलेक्रोध" हो!

## ज

**जिउस** ग्रीकका मुख्य देवता।

**जीवनको पुस्तक** परमेश्वरको पुस्तक जसमा परमेश्वरले छानेका सबैको नाउँ लेखिन्छ। हेरे प्रकाश ३:५; २१:२७

**ज्योतिर्मय-दूत** परमेश्वरको दूत। शैतानले मानिसलाई मूर्ख बनाउँछ र मानिसहरू उसलाई स्वर्गबाटै आएको संझन्छन्।

**जेरिम** हिब्रु भाषामा यसको मतलब जङ्गल हुँन्छ।

**जेलोट** जेलोटहरू एक यहूदी राजनैतिक दलकाहरू थिए।

## ट

**टायर र सदोम** लेबनानका शहरहरू जहाँ खराब मानिसहरू वास गर्थे।

## ठ

**ठिँगुरोबाट** केदीहरूलाई अड्काएर राख्ने काठको खोर।

## ड

**डेकापोलिस** दश शहर। गालिलीको खीयि इलाका एकपल्ट यसको दशवटा शहर दियो।

## ढ

**ढुंगाका पाटीहरू, ढुंगा** अर्थात परमेश्वरले मोशालाई दिएका करारहरू ढुंगाका पाटीमा लेखिएका थिए। हेरे प्रस्थान २४:१२, २५:१६

## त

**तम्बु** यरूशलेममा भएको एक मन्दिर अथवा पवित्र ठाउँ जहाँ मानिसहरू मन्दिर बनाउनु अघि त्यहाँ परमेश्वरलाई पुज्थे।

**तबेरा** जसको अर्थ "दन्कने" हो।

**तेलाबीब** यो भूमि इस्राएलको बाहिर थियो। हामी जान्दैनौ साथै नै कहाँ नाउँ को अर्थ "झर्नाको पहाड़।"

## थ

**थुमा** भेड़ोको पाठा। बाइबलमा येशूलाई "लाम्पेड घेद" पनि भनिन्छ जसको अर्थ प्रभुको भेंड़ें नभनेर यहाँ 'प्रिय छोरो' बनाईएको छ।

## द

**दाऊद** ख्रीष्ट भन्दा प्राय: १००० वर्ष अधिका इस्राएलका राजा।

**दाऊदको पुत्र** दाऊद परिवारको एक मानिस, इस्राएलको दोस्रो राजा, ख्रीष्टपूर्व १००० बर्ष।

**दाऊद शहर** येरूशलेमको दक्षिणपूर्व अनि सर्वप्राचीन अंश।

**दाखरस सेवक** यो धेरै महत्वपूर्ण काम थियो। यी अधिकारी सदैव राजाको नजिक बस्थ्ये, अनि राजालाई कसैले विष दिन कोशिश गर्दै छ कि भनेर निश्चित हुनलाई राजाको दाखरस चाख्थ्यो।

**दाखकुण्ड** अगुंरहरू पेलीसके पछि अगुंरको रस जम्मा गर्ने चट्टानमा बनाएको खाड़ल।

**दिबोन** मोआबको एउटा शहर हिब्रूमा जसको अर्थ "एकदम दु:खी" हुन्छ।

**दान** यो नाउँको अर्थ "उहाँले निसाफ गर्नु भएको छ।"

**दिन** त्यो दिन जुन दिन ख्रीष्ट जम्मै मानिसहरूलाई न्याय गर्न आउनु हुन्छ अनि आफ्नो मानिसहरूलाई उहाँसँगै बस्न लैजानु हुन्छ।

**दमीशक** अरामको एक शहर!

**दीमोन** यो शायद दीबोन शहर हो। हिब्रूमा यसको अर्थ "रगत" हो।

**देवदारु** निमका रूख बकाइनाका जस्ता पात, खैरो रंगको फूल फूल्ने रूख।

## ध

**धूप** रूखको चोपबाट बनिएको धूप।

**धार्मिक शुद्धीकरण** यहूदीहरूका धार्मिक नियम थियो, खान, आराधना गर्न र केही विशेष कार्य गर्न अगाडि शुद्धीकरण गर्ने नियम।

## न

**निकोलाइहरू** भूल धारणा पल्याउने धार्मिक समूह।

**नेगेव** यो दक्षिण यहूदा मरुभूमिको क्षेत्र हो।

**नाजिरी** एक व्यक्ति जसले परमेश्वरसित विशेष प्रतिज्ञा गरे। हिब्रूमा यो शब्दको अर्थ हुन्छ, "छुटाएका।" हेरे गन्ती पुस्तको ६:१-२१

**नोद** अर्थ "घुम्ने" हो।

**नाबाल** यस नाउँको अर्थ "मूर्ख हो।"

**नबो** झूटा देवताको नाउँ मेदबा एकदम "दु:खि" हिब्रु अर्थमा।

**निस्तार-चाड़** यहूदीहरूको महत्वपूर्ण छुट्टीको दिन। मोशाको समयमा परमेश्वरले तिनीहरूलाई मिश्रमा दासत्वबाट मुक्त गराउनु भएको सम्झनामा यो दिन प्रत्येक वर्ष विशेष खाना खान्छन्। लेवी २३:४-८; व्यवस्था १६:१-८।

## प

**प्रधान स्वर्गदूत** परमेश्वरको दूतहरू मध्ये अगुवा।

**प्रधान पूजाहारी** परमेश्वरका मानिसहरूका लागि अति महत्वपूर्ण पूजाहारी।

**प्रधान स्वर्गदूत** परमेश्वरको दूतहरू मध्ये अगुवा।

**पूर्णिमा** हिब्रूहरूमा महीनाको मध्य दिन।

**पाल** मन्दिर बनिनु भन्दा पहिले यहूदीहरूका पाठपूजा गर्ने यरूशलेमको पवित्र ठाउँ।

**पवित्र दिन** प्रत्येक महिनाको पहिलो अनि दोस्रो दिन विशेष आराधनाको दिनहरू हुनेछ। मानिसहरूले मैत्री भोजन एक साथ खाए।

**पवित्र आत्मा** परमेश्वरको आत्मा, येशूको आत्मा अनि आरामदायक पनि भनिन्छ। परमेश्वरले अनि ख्रीष्टसित मिलेर संसारमा मानिसहरू माझ उनले परमेश्वरको काम गर्छन्।

**पेन्तिकोस** गहुँ काट्ने यहुदी चाढ़। त्यो सँधै पासओभर चाढ़को ५० दिन पछि हुनेगर्थ्यो।

**पश्चिमको समुद्र** अर्थात भूमध्यसागर।

**पेरेस** यस नाउँको अर्थ 'खोलिनु' अथवा "फाट्नु हुन्छ।"

**प्रेरित** येशूले आफ्नो खास सहायक चुन्नु भएको मानिस।

**परमप्रभु** वा यह परमेश्वरको हिब्रु नाम।

**पुर्वको समुद्र** अर्थात मृत सागर वा खारा समुद्र।

**पूजाहारीलाई** हरकारा हुलाकी अथवा समाचार वाहक।

**पत्थर** परमेश्वरको आत्मिक मन्दिरको अथवा घरको सवै भन्दा महत्वपूर्ण पत्थर।

**प्रभु** शाब्दिक अर्थ "पहिले जन्मेको"।

**पहिलो पुत्र** परमेश्वरका सन्तानहरूमा प्रथम र महत्वपूर्ण बच्चा।

## फ

**फरिसी** फरिसीहरू यहूदी धार्मिक समुदायका थिए जसले जमौ यहूदी नियम र दस्तुरहरू गंभीरतापूर्वक मान्छौं भन्ने दावी गर्थे।

## ब

**बोकीम** जसको अर्थ "रूनेहरू" हो।

**बाबेल** यो शब्दको अर्थ हिब्रू भाषामा खलबल अथवा अल्मलिनु हुन सक्छ।

**बेतेल** अथार्त "परमेश्वको घर"

**बेतलप्रा** अर्थ "धूलोको घर" हो!

**बाथ् गाल्लीम** दक्षिण यरूशलेमको शहर।

**बप्तिस्मा** एउटा ग्रीक शब्द जसको अर्थ कुनै मानिस, चीजलाई पानीमा हलुका डुवाउनु, अथवा चोब्नु।

**बुर्जा** राजाको माथिल्लो भवन अथवा माथिल्लो बुर्जा राजाको भवन।

**बोज्रा** एदोमा भएको शहर।

**बाशान** बशान इस्राएलको उत्तरपूर्वको क्षेत्र।

**बाल देवाता** कनानी मानिसहरू यो झूटो देवताले पानी र आँधी ल्याउँछ भन्ने विश्वास गर्छन। असल अन्न उप्जाउँछु उनले जमीन बनाए भन्ने तिनीहरू सोच्छन्।

**बालपराजीम** जसको अर्थ "भत्काउनुहुने परमप्रभु" हो।

**बाल** कानाई मानिसहरूको झुटो भगवानले पानी पार्नुहुन्छ र अन्न उब्जाउनु हुन्छ भन्ने आशा।

**क्वेल** एक प्रकारको (जातको) चारा।

**बेर-लहै-रोइ** अथार्त् "मलाई देख्नुहुने जीवन परमेश्वरको पनेर।"

**बीसौवर्षको निसान** यो मार्च--अप्रेल ४४३ ख्री. पू.।

**बेहुला** विवाहको निम्ति योग्य पुरुष।

## भ

**भेट हुने पाल** इस्राएलका मानिसहरूले परमप्रभुलाई भेटने जग्गा।

## म

**म उही हो** यसको अर्थ 'म येशू हुँ' हुन्छ यसैले यहाँ अनुवादमा 'म उही हुँ' गरिएको छ।

**माइकल** प्रधान स्वर्गदूत। परमेश्वरको दूतहरूको अगुवा।

**मोआब** इस्राएलको पूर्वी देश।

**मिग्रोन** अर्थ खलो।

**मन्दिर** यरूशलेममा भएको यहूदीहरूले पाठपूजा गर्ने भवन।

**मन्ना** खास भोजन जुन परमेश्वरले मरुभूमिमा यहूदी मानिसहरूलाई पठाउनु भयो

**मानिसको पुत्र** येशूले स्वयंलाई 'मानिसको पुत्र'

भनेर पनि चलाउनु सम्बोधन गर्नु हुन्छ। यो नाउँ मसीहलाई पनि सम्बोधन गरेको थियो। हेरे दानिएल ७:१३-१४

**मलकाम** यो अम्मोनीहरूको भूटा देवता हो।

**मिस्पा** यसको अर्थ 'हेर' त्यो ठाउँ जहाँबाट हेरिन्छ।

**मरीबा** जसको अर्थ "झगड़ा" र "विद्रोह" हो।

**मिश्रेम** अर्थात् मिश्रदेश।

**मिसुपुतामिया** जसको अर्थ "अराम-नाहरै" हो।

**मीर्र** मदसँग मिसाइने एक प्रकारको दु:ख भुल्ने औषधि।

**मसीह** मसीहको अर्थ 'ख्रीष्ट' हो।

## य

**याकूब** यो नाउँको अर्थ "उनी कुर्कच्चा समात्छन्"

**याकूब** यो इस्राएलको अर्को नाम हो।

**यद्दीया** परमप्रभुले माया गर्नु भएको।

**यस्सी** राजा दाऊदको पिता।

**यरूब्बाल** जसको अर्थ "बाल आफै लड़ोस्।"

**यरूब्बाल** यस नाउँको अर्थात गिदोन।

**योतामा** यहूदाकाराजा। ई.पू.७४०-७३५ सम्म शासन गरे।

**येशू** येशूको नाउँको अर्थ उद्धारक।

**यूहन्ना** यूहन्ना जसले बप्तिस्मा दिए, त्यही मानिस जसले मानिसहरूलाई ख्रीष्ट आउँनु हुदैंछ भन्ने कुरो बताए।

**यस्सीका परिवारबाट** येस्सी दाऊदका पिता थिए। दाऊद इस्राएलका राजा थिए। येशू त्यही परिवारका हुनुहुन्छ।

**यहोवा यिर** अथार्त परमप्रभुले जुटाउनुहन्छ।

**यहोशापतको बेंसी** त्यो शब्दको अर्थ परमप्रभुले न्याय गर्नुभयो।

**यहसमा** यो अर्नोन शहरको एक भूमि।

## र

**राजदण्ड** खास किसिमको लट्ठी राजा अनि अगुवाहरूले बोलेर आफूलाई शासक हुँ भनेर दर्शाउने।

**रब्बी** अर्थ गुरू।

**रमल्या** पेकह उत्तरी इस्राएलका राजा। ई.पू. ७४०-७३१ सम्म शासन गरे।)

**रसीन** अरामक् राजा ई.पू. ७४०-७३१ सम्म शासन गरे।

**राहब** समुद्री राक्षस। कतिपय प्राचीन कथाहरूमा भनिन्छ कि समुद्री राक्षसहरू परमेश्वरका शत्रु थिए।

**राहेल** याकूबको दोस्त्री पत्नी

**रहोबोत** अथार्त खुला ठाउँहरू

## व

**वेदी** उपहारहरू चढ़ाउनको निम्ति बनाइएको उच्च ठाउँ अथवा टेबल।

**वचन** ग्रीक शब्दमा "लोगोस," जसको अर्थ कुनै पनि प्रकारको संचार। यसलाई "समाचार" भनी रूपान्तर गर्न सकिन्छ। यहाँ, यसको अर्थ ख्रीष्ट हो, परमेश्वरले आफ्नो विषयमा मानिसहरूलाई यसरी भन्नु भयो।

**वायु** यसको अर्थ पनि "आत्माहरू" हुन सक्छ।

**बीर-एलीम** मोआब देशको शहर।

**व्यवस्था** व्यवस्था सम्भवत परमेश्वरले मोशालाई सीनैं पर्वतमा दिएको व्यवस्था हुनु सक्छ। (प्रस्थान १९ अनि २०)

## ल

**लोअम्मी** हिब्रूमा अर्थ हुन्छ 'मेरो मानिस होइन।'

**लबनोन** इस्राएलको उत्तरमा पर्ने देश, जो नीम र धुप्पी का रूखहरूले प्रसिद्ध छ।

**लेवी** लेवीहरू लेवी समूहका मानिसहरू थिए जसले यहूदी पूजाहारीलाई मन्दिरमा सघाउँथे।

**लिब्यातान** विशाल व्हेल माछा जस्तो समुद्री प्राणी। यसलाई समुद्री राक्षस' पनि भनिन्छ।

**लो-रुहाम** हिब्रूमा अर्थ हुन्छ दया मायाबाट बञ्चित रहने।

## श

**शबाथको दिन** जसको अर्थ विश्रामको दिन भनिएको छ। यहूदीहरूका सप्ताहको यो सातौ दिन हो। अनि यहूदीहरूका लागि यो विशेष धार्मिक पर्व पनि हो।

**शाफीर** अर्थ "रमाईलो" हो!

**शासनकर्त्ता** शाब्दिक रूप परमेश्वरको।

**शिमोन** शिमोनको अर्को नाउँ पत्रुस थियो।

**शीलो** यरूशलेममा भएको एउटा पोखरी। नयाँ नियममा यस पोखरीलाई शिलो भनिन्छ।

**शैतान** अर्थ "दोष लाउनु" हो।

**शुभ सन्देश** पापबाट क्षमा र परमेश्वरसित अनन्त वास दिन भनेर मानिसहरूका निम्ति परमेश्वरबाट गरिएको एउटा उपाय; अगमवाणी, सुसमाचार।

**शरीर** ख्रीष्टको आत्मिक शरीर, जसको अर्थ मण्डली अथवा उहाँको मानिसहरू।

## स

**सदुकीहरू** एक प्रमुख यहूदी धार्मिक गुट, तिनीहरूले खाली पुरानो नियमको प्रथम पाँचवटा पुस्तकहरूलाई मात्र मानेका छन्। तिनीहरूको विश्वासमा मानिसहरू मृत्यु पछि फेरि जन्मदैनन्।

**सदुकीहरू** यहूदी धार्मिक गुटका प्रमुख। तिनीहरूले खाली पुरानो नियमको प्रथम पाँचवटा पुस्तकहरूलाई मात्र मानेका छन्। तिनीहरूको विश्वासमा मानिसहरू मृत्यु पछि फेरि जन्मदैनन्।

**सदोम, गमोरा** नराम्रा मानिसहरू बस्ने नगरहरू। परमेश्वरले तिनीहरूलाई तिनीहरूको नगरहरू ध्वंश पारेर सजायँ दिनुभयो।

**सित्ना** अथार्त शुत्रता।

**समर्पण** विशेष उपयोग को निम्ति केहि प्रदान गर्नु वा त्यसलाई विशेषकारणले सम्मान गर्नु।

**सराफहरू** अर्थात स्वर्गदूतहरू।

**स्वामीको घर** यसमा त्यो मन्दिर जहाँ मानिसहरूले तिनीहरूका परमेश्वर अथवा झूटो देवताहरू पूज्थे त्यो सांदभिर्क सक्छ।

**सामरिया** इस्राएलको उत्तरी राज्यका राजधानी

**सारा** जसको अथार्त "राजकुमारी" हो।

**सानान** ठाउँको नाम एक शहर।

**सत्यको आत्मा** पवित्र आत्मा। परमेश्वरको सत्य येशूको चेलाहरूलाई बुझाउन यो उहाँको कार्य।

**सीनै पर्वत** अरब देशको एउटा पाहाड़ जहाँ परमेश्वरले मोशालाई आफ्ना व्यवस्थाहरू दिएका थिए। हेरे प्रस्थान १९ र २०

**सियोल** मानिसहरू मरेपछि जाने ठाउँ।

**सियोन** यहाँ सियोन नगरवासी गरिएको छ। यसको शाब्दिक अर्थ हो सियोनका छोरी, अर्थ यरूशलेम।

**सेला** यो शब्द संगीतसँग सम्बन्धित छ। उसको अर्थ हुन्छ गाउँदा त बीच-बीचमा थामिनु पर्छ अथवा संगीत चहकिलो हुनुपर्छ।

**सामरी** समारीयामा बस्ने, केही मात्रामा यहूदी वर्गको, तर यहूदिहरूद्वारा अस्वीकृत र उपेक्षित मानिस।

**सभाघर** अंग्रजीमा "सिनोगग" भनिएको छ। जसको अर्थ हुन्छ बाईबलमा यहूदीहरू भेला भएर सभा वा प्रार्थना गर्ने ठाउँ।

**समर्पणको पर्व** यहूदीहरूले पौष महीनाको एउटा हप्तामा मनाउने उत्सव।

**सहायक** अथवा, "आरामदायक," पवित्र आत्मा। हो। हेर्नुहोस् यूहन्ना १६:१३।

**सुसमाचार** पापको क्षमा र परमेश्वरसितको अनन्त बासको निम्ति परमेश्वरले दिनुभएको युक्तियुक्त समाचार।

**स्वर्ग** त्यो एउटा ठाउँ जहाँ असल मानिसहरू आफ्नो मृत्यु पछि जान्छन्।

**सीनै पाहाड़** अरब देशको एउटा पाहाड़ जहाँ परमेश्वरले मोशालाई आफ्ना व्यवस्थाहरू दिएका थिए (प्रस्थान १९ र २०)।

## ह

**हारून** प्रथम यहूदी पूजाहारी, मोशाका दाज्यू।

**हाम** इजिप्टलाई हाम भनिन्छ। इजिप्टवासीहरू बाइबलमा हामका सन्तानहरू मानिन्छ।

**हर्मोन** अर्थात हर्मन।

**होर्मा** जसको अर्थ "नाश" हो।

**हर्मेस** अर्को देवता ग्रीकका। विश्वास छ अन्य देवताहरूका स्वर्गदूत।

**हँसियाहरूबाट** यो चीज रूखको हागाहरू तथा घाँस काट्न प्रयोग गर्ने हतियार।

**हिना** सधैं हरियो र सुगन्ध फैलाउने वृक्ष।

**हेरोद** ख्री. पू. ४० देखि ख्री. पू. ४ सम्म यहूदियाको महान शासक।




Copyright © 2005 by World Bible Translation Center




Copyright © 2005 by World Bible Translation Center




# न्यायकर्त्ताहरूको समयमा प्यालेसटाइन

Copyright © 2005 by World Bible Translation Center




Copyright © 2005 by World Bible Translation Center




Copyright © 2005 by World Bible Translation Center




Copyright © 2005 by World Bible Translation Center